पूर्वसन्देश

राष्ट्रिय दैनिक

PURBA SANDESH NATIONAL DAILY

जि.प्र.का.झापा द.नं.६९। ०५७/०५८

सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता

purbasandesh.com

❑ वर्ष-२१ ❑ अंक - २५३ ❑ २०८३ असोज १६ गते शुक्रबार ❑ Friday, 02 Oct. 2026 ❑ मूल्य ७ /-



'मेरो देशका छेपाराहरु'

✍ विमल लामिछाने

सिटी डेन्टल

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ।

यसको शाखा मधुमल्लामा पनि खुलेको छ।

दमक-६, झापा
फाल्गुनन्द चौक
फोन: ०२३-५७५४०९

देशभर उत्साहले मनाइयो अन्तर्राष्ट्रिय ज्येष्ठ नागरिक दिवस

ज्येष्ठलाई उचित सम्मानको खाँचो

✍ पंकज दाहाल

दमक/ उचित हेरचाह, स्याहार र सम्मानको आवश्यकता औंल्याउँदै झापाका ज्येष्ठ नागरिकहरूले ३६ औं अन्तर्राष्ट्रिय ज्येष्ठ नागरिक दिवस विभिन्न कार्यक्रम गरी उत्साहपूर्ण ढंगले मनाएका छन् । दमकमा ज्येष्ठका पनि ज्येष्ठ सात जना आमा बुबाहरूलाई नगद सहित ढाका टोपी अविर खादा र सम्मान पत्रले सम्मान गरिएको छ । त्यस क्रममा ज्येष्ठ नागरिक अगुवा, अभियन्ता र सहभागी ज्येष्ठ नागरिकहरूले घरपरिवारमा उचित हेरचाह र स्याहार तथा समाज र राज्यबाट सम्मानका अपेक्षा गरे । उनीहरूले ज्येष्ठ नागरिक मन्त्रालयको नाम हटाएर आफूहरूलाई अवहेलना गरेको भन्दै वर्तमान सरकारलाई ३० लाख ज्येष्ठ नागरिकहरूको सम्मान र अपनत्व हुनेगरी विगतमा राखिएको ज्येष्ठ नागरिक मन्त्रालयको नाम पुनः कायम गर्नुपर्ने भन्दै माग समेत गरेका छन् ।

झापामा दमक, गौरादह, शिवसताक्षी, कनकाई, वुद्धशान्ति, मेचीनगर लगायतका पालिकाहरूमा यो दिवस मनाइएको छ । प्रत्येक वर्षको अक्टोबर १ तारिखका दिन

ज्येष्ठ नागरिकहरूको सुरक्षा, सम्मान र मर्यादित जीवन तथा मानवअधिकारका लागि विश्वभर नै यो दिवस मनाइँदै आएको छ । यसका लागि संयुक्त राष्ट्रसंघले समेत पहलकदमी लिंदै आएको छ । यस वर्षको मूल नारा 'दीर्घायुको युग : दीर्घ जीवनका लागि जीवन पद्धतिमा पुनर्विचार गरौं' रहेको थियो । सोही नाराको व्यानरमा विहीबार ज्येष्ठ नागरिक संघ दमक नगर समितिले आफ्नै भवनमा सो दिवस मनाउनुका साथै संघको चौथो वार्षिक साधारण सभा समेत सफलतापूर्वक सम्पन्न गरेको छ ।

साधारण सभाका अवसरमा ७ जना ज्येष्ठ आमा बुबाहरू क्रमशः नारायण बहादुर के.सी., गोमादेवी चुडाल, देवीभक्त अधिकारी, लक्ष्मीमा पौडेल, घनेन्द्र बहादुर खड्का, माधवप्रसाद भट्टराई र टीकाप्रसाद घिमिरेलाई सम्मान गरियो । उनीहरूलाई प्रमुख अतिथि दमक नगरपालिका वडा नं. ८ का वडाध्यक्ष धर्मप्रसाद (दीपेश) दाहाल, संघका अध्यक्ष रहेका कार्यक्रमका अध्यक्ष ९२ वर्षीय लक्ष्मीप्रसाद थपलिया, विशेष अतिथि राष्ट्रिय ज्येष्ठ नागरिक महासंघका केन्द्रीय सदस्य तथा पत्रकार पंकज दाहाल, अर्को अतिथि कोशी प्रदेश ज्येष्ठ नागरिक महासंघका सचिव जयप्रसाद संग्रौला, संघका सल्लाहकार संयोजक रघुनाथ खरेल तथा लेखा समिति संयोजक कृष्णप्रसाद लुईटेल र संघकी उपाध्यक्ष मीनाकुमारी कोइरालाले अविर टीका, खादा, नेपाली ढाका टोपी, सम्मान पत्र, नगद तथा फलफूल दिएर सम्मान गरेका थिए ।

सम्मान पछि प्रमुख बाँकी 8 पेजमा ▸▸

दमकबाट भारतीय नक्कली नोटसहित दुई पक्राउ

दमक । झापाको दमकबाट भारतीय पाँच सय दरका ७० थान नक्कली नोटसहित दुई भारतीय नागरिक पक्राउ परेका छन् । एउटै नम्बर दोहोरिएका नोट परीक्षण गर्दा सबै नक्कली पुष्टि भएपछि सीमावर्ती क्षेत्रमा भइरहेको सम्भावित नक्कली भारतीय मुद्रा कारोबारमाथि प्रहरीले अनुसन्धान अघि बढाएको छ ।

इलाका प्रहरी कार्यालय दमकको टोलीले बुधबार साँझ दमक नगरपालिका-६ देवकोटा चोकमा भारतीय नम्बरको मोटरसाइकल जाँच गर्ने क्रममा भारतको किशनगञ्जका अब्दुल माजिद र रूवेद आलमलाई पक्राउ गरेको हो ।

प्रहरीका अनुसार बीआर ३७ जे २७०८ नम्बरको मोटरसाइकलमा सवार माजिदको साथबाट भारतीय पाँच सय दरका ७० थान नोट बरामद भएका थिए । ती नोटको कुल मूल्य ३५ हजार भारतीय रूपैयाँ हुन्छ ।

नोटमा एउटै नम्बर दोहोरिएको भेटिएपछि प्रहरीले शंका लागेर परीक्षणका लागि नेपाल राष्ट्र बैंक, विराटनगर पठाएको थियो । परीक्षणबाट सबै नोट नक्कली रहेको पुष्टि भएको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ ।

पक्राउ पर्नेमा किशनगञ्जको खनियाबाद-३ फतेपुरका २५ वर्षीय माजिद र २६ वर्षीय आलम छन् । उनीहरूविरुद्ध मुद्रा सम्बन्धी कसुरमा अनुसन्धान भइरहेको छ । प्रहरीले जिल्ला अदालत झापाबाट पाँच दिनको म्याद लिएर अनुसन्धान अघि बढाएको जनाएको छ ।

सीमापारि पनि नक्कली नोट बरामद

दमकमा नक्कली भारतीय नोटसहित दुई जना पक्राउ परेको केही दिनअघि भारतको सीमावर्ती किशनगञ्जमा पनि नक्कली नोटसहित दुई जना पक्राउ परेका थिए ।

गत आइतबार बहादुरगञ्ज थाना क्षेत्रको बाँकी 8 पेजमा ▸▸

मुख्यमन्त्री सम्मेलन पाँच दिन पछि सार्ने निर्णय

दमक/ कोशी प्रदेश सरकारले आयोजना गर्न लागेको मुख्यमन्त्री सम्मेलन पाँच दिन पछि सरेको छ । प्रदेश मन्त्रीपरिषद्को बिहीबार बसेको बैठकले यसअघि असोज २२ र २३ गते गर्ने भनिएको मुख्यमन्त्री सम्मेलनलाई सारेर आगामी असोज २७ र २८ गते गर्ने निर्णय गरेको हो ।

योजना आयोगमा खतिवडा र राई

दमक/ कोशी प्रदेश योजना आयोगको रिक्त दुई सदस्य पदमा विराटनगर-३ का तोयानाथ खतिवडा (रूपेश) र खोटाङकी हरिकुमारी राईलाई नियुक्त गरेको प्रदेश सरकारले जनाएको छ । प्रदेश सरकारका प्रवक्ता एवम् आन्तरिक मामिला तथा कानुनमन्त्री गोम्बु शेर्पाका अनुसार मन्त्रिपरिषद् बैठकले आयोगमा सदस्य नियुक्तिको निर्णय गरेको हो ।

यसैगरी बैठकले विराटनगरमा निर्माणाधीन गिरिजाप्रसाद कोइराला क्रिकेट रंगशालालाई कोशी प्रदेशको 'गौरवको आयोजना'का रूपमा निर्माण तथा विकास गर्ने निर्णयसमेत गरेको मन्त्री शेर्पाले जानकारी दिए ।

प्रसाईंलाई थप १ दिन हिरासतमा राख्न अनुमति

दमक/ मेडिकल व्यवसायी दुर्गा प्रसाईंलाई थप १ दिन हिरासतमा राख्न अदालतले अनुमति दिएको छ । बिहीबार काठमाडौँ जिल्ला अदालतले साइबर ब्युरोलाई थप एक दिन अनुसन्धान गर्न अनुमति दिएको हो । प्रसाईंले दायर गरेको बन्दी प्रत्यक्षीकरणको रिटमा सर्वोच्च अदालतले उनलाई उपस्थित गराउन आदेश दिएको थियो ।

प्रसाईंलाई असार १२ मा साइबर ब्युरोले पक्राउ गरेको थियो । राष्ट्रिय स्वतन्त्र पार्टीकी सांसद रचना खतिवडाको उजुरीको आधारमा प्रहरीले उनलाई विद्युतीय अपराध ऐन सम्बन्धी कसुरमा अनुसन्धान गरिरहेको छ । प्रसाईंले युट्युबमार्फत छोराको शवसँग सांसद पद साटेको भन्दै अपमानजनक टिप्पणी गरेका थिए ।

निर्वाचन आयोगले बुझायो वार्षिक प्रतिवेदन

दमक/ प्रमुख निर्वाचन आयुक्त मानबहादुर कार्कीले राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष निर्वाचन आयोगको वार्षिक प्रतिवेदन पेस गरेका छन् । यो प्रतिवेदन नेपालको संविधानको धारा २९४ बमोजिम पेस गरिएको हो । राष्ट्रपति कार्यालयले एक विज्ञप्ति जारी गर्दै नेपालको संविधानको धारा २९४ बमोजिम प्रमुख आयुक्त कार्कीले आयोगको वार्षिक प्रतिवेदन पेस गरेको जनाएको छ ।

मिनेन्द्र रिजाल अधिवेशनमा उपस्थित नभई निर्वाचित

दमक/ नेपाली कांग्रेसका नेता डा.मिनेन्द्र रिजाल मोरङ-२ बाट महाधिवेशन प्रतिनिधि निर्वाचित भएका छन् । नेता रिजाल बिहीबार सो क्षेत्रबाट महाधिवेशन प्रतिनिधिमा निर्वाचित भएका हुन् । रिजाल सो क्षेत्रको अधिवेशनमा भने उपस्थित भएका थिएनन् । क्षेत्रीय अधिवेशनमा उपस्थित हुन नसके पनि महाधिवेशन प्रतिनिधिमा निर्वाचित गरेकोमा रिजालले स्थानीय नेता कार्यकर्ताहरूलाई धन्यवाद दिएका छन् ।

जीर्ण अवस्थामा चिया कारखाना

इलाम/ इलामको माई नगरपालिकामा रहेको चिलिमकोट चिया कारखाना जीर्ण भएको छ । विसं २०५७ सालमा नेपाल सरकारले ५० वर्षका लागि संघाई कम्पनीलाई लिजमा दिएको थियो । अहिले यो चिया कारखानाको भवन भत्किएर जीर्ण अवस्थामा छ । यहाँ रहेका चिया कारखानाका सामग्रीहरू पनि संघाई कम्पनीले अन्यत्र लगेपछि यो कारखाना बन्द अवस्थामा छ ।

भारतलाई बिजुली विक्रि गर्ने

दमक/ नेपाल विद्युत प्राधिकरणले वर्षायाममा भारतलाई ८६ मेगावाट बिजुली बेच्ने भएको छ ।

वर्षायामका महिनाहरूमा आफ्ना ग्राहकहरूलाई विक्रयी गरी बढी हुने जगेडा विद्युत भारतीय विद्युत व्यापार कम्पनी टाटा पावर ट्रेडिङ कम्पनी लिमिटेडमार्फत भारतको पावर एक्स्चेन्ज माध्यमबाट भारतीय विद्युत बजारमा बिक्री गर्ने निर्णय भएको प्राधिकरणका सञ्चालक समिति सदस्य अंशुकिरण शाहीले बताए ।

शाहीका अनुसार विद्युत खरिदबिक्री सम्झौताको मस्यौदा स्वीकृत गरी सम्झौता गर्ने सम्बन्धमा प्राधिकरण सञ्चालक समितिको असार २५ को बैठकमा छलफलमा विद्युत नियमन आयोगको परामर्श लिई पुन पेश गर्न निर्णय भएको थियो ।

यस सम्बन्धमा विद्युत नियमन आयोगले भदौ २ गते बैठक बसी सहमति



प्रदान गर्ने निर्णय गरेको थियो । आयोगबाट सहमतिसहितको निर्णयको जानकारी भदौ ८ मा पाएको प्राधिकरणले असोज ३ गते बिजुली बेच्ने निर्णय गर्दै विद्युत खरिदबिक्री सम्झौताको मस्यौदा स्वीकृत गरेको छ ।

आयोगको सहमतिपछि विद्युत प्राधिकरणका कार्यकारी निर्देशक दिर्घायुकुमार श्रेष्ठले १ नोभेम्बर २०२६ देखि ३१ मे २०२९ सम्म हाललाई ८५.६ मेगावाट (साथै भविष्यमा दुई पक्षबीच पारस्परिक रूपमा बाँकी 8 पेजमा ▸▸

मोरङ-६ को स्थगित कांग्रेस क्षेत्रीय अधिवेशन आजदेखि हुने

विराटनगर । नेपाली कांग्रेस मोरङ क्षेत्र नम्बर ६ को स्थगित प्रतिनिधिसभा तथा प्रदेशसभा क्षेत्रीय अधिवेशन शुक्रबारदेखि पुनः सञ्चालन हुने भएको छ । कांग्रेस मोरङ जिल्ला कार्यसमितिले बिहीबार सूचना जारी गर्दै क्षेत्र नम्बर ६ अन्तर्गत प्रतिनिधिसभा तथा प्रदेशसभा 'क' र 'ख' को कार्यसमिति तथा प्रतिनिधि चयनका लागि निर्वाचन प्रक्रिया अघि बढाइने जनाएको हो ।

अधिवेशन बुढीगंगा गाउँपालिका-३ बाँसबारीस्थित राजवंशी खवास सामुदायिक भवनमा बिहान ७ बजेदेखि सुरू हुनेछ । जिल्ला सहसचिव तथा क्षेत्र नम्बर ६ का संयोजक सञ्जयकुमार मण्डलले विभिन्न तह तथा पालिकाबाट निर्वाचित क्षेत्रीय प्रतिनिधिलाई निर्वाचन प्रक्रियामा सहभागी हुन आग्रह गरेका छन् ।

यसअघि असोज १४ गते सुन्दरहरैँचा नगरपालिका-४ स्थित सिग्देल बन्धु समन्वय प्रतिष्ठानमा अधिवेशनका क्रममा विवाद र झडप भएपछि निर्वाचन प्रक्रिया स्थगित भएको थियो । बाँकी 8 पेजमा ▸▸

अब प्रशासकीय अधिकृत स्थानीय तहकै कर्मचारी

दमक/ संघीय निजामती सेवालाई संशोधन र एकीकरण गर्न बनेको विधेयक २०८३ ले अब प्रमुख प्रशासकीय अधिकृत स्थानीय तहकै कर्मचारी रहने व्यवस्था गरेको छ ।

विधेयकको दफा ११७ र ११८ मा स्थानीय सेवाको गठन, पद संरचना तथा प्रमुख प्रशासकीय अधिकृतको नियुक्ति र कार्य सञ्चालन सम्बन्धी स्पष्ट खाका प्रस्तुत गरिएको छ ।

विधेयकको दफा ११७ अनुसार प्रत्येक प्रदेशमा एउटा 'स्थानीय सेवा' रहने व्यवस्था गरिएको छ । यो ऐन प्रारम्भ हुँदाका बखत स्थानीय सेवामा बहाल रहेका कर्मचारीहरु सोही सेवाको पदमा कायम भएको मानिने र स्थानीय सेवासम्बन्धी कानुन निर्माण भई सेवा र समूह निर्धारण भएपछि कर्मचारीहरूलाई सोही अनुसार मिलान गरिने प्रबन्ध मिलाइएको छ ।

स्थानीय तहको संरचना अनुसार पदहरूको अधिकतम सीमा तोक्दै महानगरपालिका र उपमहानगरपालिकामा बढीमा अधिकृत ११ औँ तह, नगरपालिकामा बढीमा अधिकृत १० औँ तह र गाउँपालिकामा बढीमा अधिकृत ८ औँ तहसम्मका पदहरु रहने व्यवस्था गरिएको छ । स्थानीय सेवाको गठन, सेवा सर्त र सञ्चालन संघीय ऐनको मापदण्डको अधीनमा रही प्रदेश कानुन अनुसार हुनेछ । बाँकी 8 पेजमा ▸▸

एक महिनामा ८८ हजार विदेशी पर्यटक भित्रिए

दमक/ सन् २०२६ को सेप्टेम्बर महिनामा ८८ हजार २४८ विदेशी पर्यटक नेपाल भित्रिएका छन् ।

नेपाल पर्यटन बोर्डका अनुसार दक्षिण एसियाबाट मात्र सेप्टेम्बरमा ३० हजार ८५ पर्यटक नेपाल आएका हुन् । नेपाल आउने पर्यटकमध्ये सबैभन्दा धेरै भारतीय पर्यटक रहेका छन् । बोर्डका अनुसार सेप्टेम्बरमा १७ हजार ४२५ भारतीय पर्यटक नेपाल भित्रिएका छन् ।

यसबाहेक श्रीलंकाबाट सात हजार १०८, बंगलादेशबाट तीन हजार ९६४, भुटानबाट एक हजार १११, पाकिस्तानबाट ४२९, माल्दिभ्सबाट ४८ र अफगानीस्तानबाट आठ पर्यटक नेपाल भित्रिएका छन् ।

अन्य एसियाली मुलुकबाट १९ हजार ८८८ पर्यटक नेपाल आएका छन् । चीनबाट ११ हजार २१२, जापानबाट दुई हजार ६६, दक्षिण कोरियाबाट एक हजार ४१२, थाइल्याण्डबाट ६०१ र भियतनामबाट ६३७ पर्यटक नेपाल भित्रिएका हुन् ।

युरोपेली मुलुकबाट १५ हजार १४८, ओसियाना मुलुकबाट पाँच हजार ४२२, अमेरिकी मुलुकबाट १० हजार १०७, मध्यपूर्व क्षेत्रबाट दुई हजार ६०६ र बाँकी 8 पेजमा ▸▸

धारा जडान, योजना मर्मत, विद्युतीय सामान तथा पाईपको दररेट पेश गर्ने सम्बन्धी सूचना

यस खानेपानी तथा सरसफाई उपभोक्ता संस्था दमकको आ.व. ०८३/०८४ को लागि धारा जडान, योजना मर्मत, विद्युतीय सामान तथा विभिन्न साईजका HDPE पाईप साथै कोटेशन फारममा उल्लेखित सामानहरुको छुट्टा-छुट्टै कोटेशन मार्फत शिलवन्दी कोटेशनद्वारा खरिद गर्नुपर्ने भएकाले सूचना प्रकाशित मितिले ७ दिन भित्रमा दररेट भरी पठाउनुहुन अनुरोध छ। कोटेशन स्वीकृत, आंशिक स्वीकृत गर्ने वा रद्द गर्ने सम्बन्धमा उपभोक्ता समितिबाट निर्णय भएबमोजिम हुनेछ।

नोट : कोटेशन वापत रु. ५००/- (पाँच सय) कार्यालयमा बुझाई फारम बुझीलिनु पर्नेछ ।

खानेपानी तथा सरसफाई उपभोक्ता संस्था
दमक, झापा

सम्पादकीय

जनअपेक्षा पूरा गरिनुपर्छ

जनताको बलियो विश्वास र अपेक्षाहरु बोकेर बनेको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) नेतृत्वको सरकारले देशको कार्यकारी जिम्मेवारी सम्हालेको ६ महिना पूरा भएको छ । २०८२ फागुनको ऐतिहासिक निर्वाचनबाट झन्डै दुई तिहाइको जनादेश प्राप्त गर्दै, सोही वर्ष चैत १३ गते बालेन्द्र शाहको नेतृत्वमा यो सरकार गठन भएको थियो। भदौमा भएको नवपुस्ताको विद्रोहले खोजेको सुशासन, भ्रष्टाचार निवारण र समान अवसरको हुटहुटीलाई यो सरकारले आˆनो मुख्य कार्यभार बनाएको देखिन्छ ।

सरकारले पहिलो दिनबाटै सेवा प्रवाह र सुशासनमा ध्यान केन्द्रित गरेको छ । मन्त्रालयको संख्या २२ बाट घटाएर १८ मा झार्नु, अनुत्पादक बोर्ड तथा समितिहरु खारेज गर्नु र 'शून्य बाँकी फाइल' अभियान चलाउनुले सरकारको प्रशासनिक सुधारप्रतिको दृढता झल्काउँछ। राहदानी, नागरिकता, पेन्सन भेरिफिकेसन र वैदेशिक अध्ययन अनुमतिपत्र जस्ता सेवाहरूमा डिजिटल प्रणालीको थालनी भएपछि सेवाग्राहीको समय र झन्झट दुवै घटेका छन् ।

हुन त राज्य सञ्चालनको मुख्य आधार नै शक्ति हो । शक्तिबिना केही पनि चलायमान हुँदैन । अहिले विश्वमा राज्य सञ्चालन जनशक्ति, राजशक्ति र सैन्यशक्तिका आधारमा भइरहेका छन् । धेरै मुलुकमा लोकतन्त्र छ । कहीँ राजतन्त्र, कहीँ कम्युनिस्टतन्त्र त कहीँ सैन्यतन्त्रमा आधारित शासनसत्ता छन् । आफ्ना नागरिको भलाइका लागि राज्यसत्ता जनमुखी र जनमैत्री हुनु पर्छ । जनमैत्री भएन भने जनविद्रोह हुन्छ । जनविद्रोहले जुनसुकै सत्ता पनि ढाल्न सक्छ । आजको विकासले विश्वका अधिकांश मुलुकलाई आत्मनिर्भर होइन, परनिर्भर बनाएको छ । डिजिटल नागरिक बडापत्र र २४ घण्टे 'हेलो सरकार' जस्ता माध्यमले जनतालाई सरकारी सेवा सहज बनाएका छन् ।

कानून निर्माण र सार्वजनिक सम्पत्ति संरक्षणमा पनि महत्त्वपूर्ण कदम चालिएका छन्। सार्वजनिक तथा सरकारी जग्गा छानबिन आयोग र सहकारी छानबिन आयोगका प्रतिवेदनहरूको कार्यान्वयनले न्यायको अनुभूति गराएको छ । त्यस्तै, अन्तर्राष्ट्रिय मञ्चहरूमा, विशेष गरी संयुक्त राष्ट्रसंघको ८१ औँ महासभामा प्रधानमन्त्री शाहले जलवायु परिवर्तन र जलवायु न्यायको पक्षमा नेपालको बलियो आवाज बुलन्द गरे, जसले देशको कूटनीतिक कद उच्च बनाएको छ ।

पाँच वर्षका लागि आएको सरकारको यो ६ महिना समग्र कार्यकालको मूल्यांकन गर्ने पर्याप्त समय होइन । प्राकृतिक विपद्का रूपमा आएको रसुवाको भोटेकोशी हिमबाढी जस्ता चुनौतीहरूका बाबजुद सरकारले काम गरेर देखाएको छ । 'बिहानीले दिनको संकेत गर्छ' भने झैँ, यी ६ महिनाका कामले देशमा सुशासन र विकासको बलियो आधारशिला तयार गरेका छन् । यद्यपि, अझै लामो यात्रा तय गर्न बाँकी छ । विशेष गरी देशभित्रै रोजगारी सिर्जना गर्ने आर्थिक सुधारका कार्यहरूलाई अझ तीब्रता दिनु नै अबको मुख्य चुनौती र आवश्यकता हो । हरेक चुनौतिको सामना गरेर भएपनि सरकारले जनताका आधारभुत आवश्यकता पूरा गर्नु दायित्व र जिम्मेवारी पनि हो । जनअपेक्षा र दायित्व पूरा गर्नु जरूरी छ ।

'मेरो देशका छेपाराहरू'



✍ विमल लामिछाने

दिउसोको तातो घामको रापले पृथ्वीनै जलेजस्तै गरी जमिनबाट राप आइरहेको थियो । बुढो बरको रूखको फेदमा एउटा छेपारो दिनभरिको दौडधुपले लखतरान भएर लम्पसार पर्यो । उसको सास लोसारिएको थियो, पेट भोकले ख्याउटे बनेको थियो । एउटा झिँगा वा फट्याङ्ग्रा समात्न उसले आज कति पटक जंगल र बुट्यानहरू नाप्यो, त्यसको लेखाजोखा थिएन ।

जब क्षितिजमा सूर्यले आफ्नो रातो रङ्ग पोखेर बिदा हुन लाग्यो, तब मात्र उसलाई आफ्नो थकित आङ बिसाउने एउटा न्यानो गुड वा ओतको याद आयो- उसको आफ्नो घर ! तर, प्रकृतिमा उसको कुनै निश्चित ठेगाना थिएन । ऊ हिजो पनि घरविहीन थियो, आज पनि घरविहीन नै छ ।

साँझ छिप्पिँदै थियो । अस्ताउँदो सूर्यसँगै प्रकृतिले एउटा चकमन्न सुनसानको च्यादर ओढ्यो । तर, त्यो सुनसानभित्र एउटा विरक्तलाग्दो संगीत सल्बलाउन थाल्यो । रूखका पातहरूका बीचबाट एउटा भ्याउँकिरी आफ्नो सूक्ष्म पखेटा फर्फराउँदै रोदनको धुनमा करायो, 'अहो छेपारो दाइ ! तिम्रो त न दिनमा ठेगान , न रातमा ओत । तिमी कहिलेसम्म यसरी पराई ओडारमा रात काट्छौ ?'

पर हिलोको खोबिल्टोबाट एउटा भ्यागुतोले आफ्नो घाँटी फुलाउँदै टर्र..टर्र.. गर्यो । उसको आवाजमा सहानुभूति कम र उपहास बढी थियो, 'हेर दूरदर्शी नभएको प्राणी ! हिजो पनि यसै भन्थ्यौ, आज पनि यस्तै छौ । आफ्नो ओत नहुनेको अस्तित्व कुन रातको शीतले निल्ने हो, पत्तै हुन्न ।'

पर छिमेकी झाडीबाट स्यालहरूको एकोहोरो क्रन्दन गुन्जियो । प्रकृतिमा गुन्जिएका यी आवाजहरू केवल ध्वनि थिएनन्, तिनीहरू त छेपारोको अकर्मण्यतामाथि लागेका चोटिला प्रहार थिए । आहत भएको छेपारोले आँसुले भरिएका आँखाहरू आकाशतर्फ तेर्स्यायो । उसले छाती दर्बिलो बनाउँदै आफैँसँग एउटा कठोर प्रण गर्यो- 'भोलि... हो, भोलिको पहिलो झुल्के घामसँगै म मेरो घर बनाउनेछु । ढुंगा र माटोको होइन, मेरो आफ्नै पसिनाको ओत खडा गर्नेछु । मेरो पनि भोलि त घर हुनेछ !'

यही मिठो र न्यानो कल्पनाको एउटा तस्बिर आँखामा सजाउँदै, दिनभरिको थकाईले चूर भएको छेपारो भुसुक्क निदायो । रातभरि उसले सपनामा एउटा सुन्दर महल बनाइरह्यो ।

तर, प्रकृतिको नियम विचित्रको छ । जब पूर्वको आकाश चिर्दै झलमल्ल उज्यालो भयो, सुनौला किरणहरूले छेपारोको आँखा झिमझिम गराए । घामको न्यानो स्पर्श पाउनेबित्तिकै उसको शरीरमा नयाँ ऊर्जाको सञ्चार भयो । पेटमा भोकको आगो सल्किसकेको थियो । अघिल्लो साँझ खाएको त्यो पवित्र कसम, उज्यालोको पहिलो प्रहारसँगै पग्लिएर नष्ट भयो । घर बनाउने त्यो दृढ संकल्प, साँझपख क्षितिजमा बिलाएर जाने रूखको छायाजस्तै कता हरायो कता ! ऊ फेरि एउटा नयाँ आहाराको खोजीमा, एउटा नयाँ महत्वाकांक्षाको पछि दौडिन थाल्यो ।

जंगलको एउटा कुनामा छेपारो आफ्नो कसम बिर्सेर दौडिरहँदा, त्यही धर्तीका अन्य जीवहरू भने अर्कै संघर्षमा थिए ।

बर्खाको पहिलो दर्के झरीले निथ्रुक्क भिजेको माटो चिर्दै एउटा गड्यौला पृथ्वीको गहिराइबाट बिस्तारै बाहिर निस्कियो । उसको न आँखा थिए, न पखेटा । ऊ केवल स्पर्श र सुइँकोका भरमा आफ्नो जीवनको भूगोल नापिरहेको थियो । दिनभरि कठोर माटोलाई चिरेर, त्यसलाई मलिलो बनाउँदै आफ्नो सिंगो अस्तित्व धर्तीका लागि अर्पण गर्दा पनि साँझपख ऊ एउटा चिसो ढुङ्गाको फेदमा गुँडुल्किन बाध्य भयो । कति पटक मानिसका भारी खुट्टाहरूबाट किचिनबाट जोगियो, लेखाजोखा थिएन । उसले मनमनै भन्यो, 'भोलि... भोलि त म माटोको यस्तो गहिराइमा पुग्नेछु जहाँ कुनै डर हुनेछैन । भोलि मेरो पनि एउटा सुरक्षित गुँडार हुनेछ ।'

बुढो सिमलको रूखको टुप्पोमा दिनभरि 'कुचेष्टा'को ट्याग भिरेर, कतिका मट्याङ्ग्रा र गुलेलीका ढुंगा खाँदै, फोहोरका डङ्गुरमा छाक टारेको एउटा काग आफ्ना काला पखेटाहरू खुम्च्याएर गुनगुनाउँदै थियो, 'म त प्रकृतिको सफाइ मजदुर हुँ । तर यो संसारले मलाई सधैँ घृणा गर्यो । आशा मर्दैन, भोलि त म कसैको घरको बार्दलीमा बसेर शुभ समाचार सुनाउनेछु र कसैले मलाई श्रद्धाले भातको गाँस दिनेछ ।'

त्यही रूखको अलि तल्लो टोड्कामा एउटा रुप्पी चरा छिमेकी बाजको डरले त्रसित हुँदै, आफ्ना आधा पेट सुतेका बचेराहरूलाई पखेटाभित्र लुकाएर अन्धकार आकाशतर्फ हेर्दै रुँदै थियो, 'आज मेरा बचेराहरू भोकै छन् । तर आमाको मन कसरी हार्छ र ? भोलि त म घाम झुल्किनुअघि नै उठेर त्यो परको नयाँ फाँटमा पुग्नेछु र धेरै दानाहरू ल्याउनेछु । भोलि हाम्रा दिन फिर्नेछन् ।'

अनि, रूखको फेदमा ओइलाएर झरेको फूलको थुँगामा दिनभरिको हुरीले च्यातिएका पखेटाहरू बोकेर एउटा पुतली लम्पसार परेको थियो । संसारलाई सुन्दरताको परिभाषा सिकाउने त्यो पुतली स्वयम् बेसहारा बनेर मधुरो स्वरमा भन्दै थियो, 'आज हुरीले मेरा पखेटाहरू घाइते बनायो, तर म हार्दिनँ । भोलि जब फेरि नयाँ कोपिला फक्रिनेछ, भोलिको घामले मेरा पखेटामा नयाँ रङ्ग भर्नेछ ।'

रात झन्-झन् गाढा हुँदै गयो । गड्यौला माटोभित्र हरायो, कागले आफ्नो टाउको पखेटाभित्र लुकायो, रुप्पीले आफ्ना बचेराहरूलाई अझ न्यानो गरी अँगाल्यो, र पुतली फूलको पत्रभित्र शान्त भयो । संसार सुत्यो, तर तिनीहरूको 'भोलिको पर्खाइ' ब्युँझै रह्यो ।

म सडकको एउटा कुनामा उभिएर सोचिरहेछु, यी जीवहरू केवल चराचुरुङ्गी मात्र होइनन्, तिनीहरू त यो संसारका करोडौँ श्रमजीवी, सर्वसाधारण र सीमान्तकृत मानिसहरूका जिउँदा बिम्ब हुन् । त्यो गड्यौला जस्तै जो देशको जग बलियो बनाउँछ तर आफ्नै ओत हुन्न, त्यो काग जस्तै जो समाजको फोहोर सोहोर्छ तर अपहेलित रहन्छ, त्यो रुप्पी जस्तै जो सन्तानको भोको पेट हेरेर हरेक रात आँसु पिउँछ, र त्यो पुतली जस्तै जसको कला संसारले उपभोग गर्छ तर ऊ स्वयम् घाइते रहन्छ ।

यी जीवहरूले खाएको कसममा छेपारोको जस्तो 'स्वार्थ र छल' हुँदैन, तिनीहरूको कसममा त 'आशा र बचाउको साँचो क्रन्दन' हुन्छ ।

तर, कथा यत्तिमै सकिँदैन । अचेल म जब गाउँका चौतारीहरू र सहरका व्यस्त सडकहरूमा निस्कन्छु, मलाई जंगलको त्यो छेपारो कताकता हराएजस्तो लाग्छ । किनकि, त्यो छेपारो त अहिले मानिसको भेषमा सहर पसेको छ । हिजोआज म सडकमा अनगिन्ती 'दुईखुट्टे छेपाराहरू' देख्छु, जो हरेक साँझ जनताका अगाडि देश र समाज बनाउने कसम खान्छन् ।

मैले हेर्दाहेर्दै, ती छेपाराहरूको एउटा ठूलो जुलुस हातमा रङ्गीचङ्गी झण्डाहरू ठड्याएर, आकाश नै थर्किने गरी नारा लगाउँदै सडक र चोकहरूमा हिँडिरहेको देख्छु । तिनीहरूको नारामा 'देश विकास गर्ने, गरिब नागरिकका चुल्होमा सरकार भएको अनुभूति गराउँने, निमुखाहरुको शिक्षा र स्वास्थ्यमा काँचुली फेर्ने जस्ता आश्वासनहरु हरेक नारामा त्यही अघिल्लो साँझको छेपारोको कसम गुन्जिरहेका हुन्छन् । केही समयपछि तिनै छेपाराहरू काला चम्किला मोटरहरूमा, कालो चस्माले आँखा छोपेर, कालै सिसाभित्र आफ्नो अनुहार लुकाएर सिंहदरबारको विशाल मूल ढोकाबाट भित्र-बाहिर गरिरहेका भेटिन्छन् । खुलामञ्चमा उभिएर तिनीहरू आश्वासनका यस्ता महलहरू खडा गर्छन्, मानौं भोलि नै यो धर्ती स्वर्ग बन्नेछ ।

हामी आम मानिसहरू, कहिलेकाहीँ स्वयम् तिनीहरूको त्यो विशाल भीड र भ्रमको हुरीमा आफ्नै अस्तित्व गुमाएर हराइरहेका हुन्छौं । वास्तविकतामा भन्नुपर्दा, म नै त्यो 'छेपारो प्रवृत्ति'बाट पीडित भएको एउटा लाचार नागरिक हुँ ।

हिजो साँझ मात्रैको कुरा हो, मैले एउटा भव्य सरकारी भवनको मूल ढोका अगाडि ती भीआईपी छेपाराहरूको एउटा झुण्ड देखेँ । तिनीहरू 'भोलि घर कसरी बनाउने' (कुर्सी र शक्ति कसरी लिने) भन्ने एजेन्डामा एकापसमा लुछाचुँडी गर्दै झगडा गरिरहेका थिए । तिनीहरूको मुखबाट 'कसम' र 'प्रण'का शब्दहरू बर्सिरहेका थिए । कोही अर्ध अंग्रेजीमा भन्दैथिए 'प्रमिस प्रमिस.. म बनाउँछु देश ।'

तर महाशय, मलाई अब राम्रोसँग थाहा भइसकेको छ । यो प्रकृतिको शाश्वत सत्य हो कि, छेपारोले कहिल्यै घर बनाउँदैन । ऊ त केवल हरेक साँझ ओत नपाएर छटपटाउँदा, भोलि घर बनाउने एउटा झुठो किरिया मात्र खान्छ र उज्यालो हुनेबित्तिकै आफ्नो दुनो सोझ्याउन शक्ति र स्वार्थको दौडमा निस्कन्छ । अनि हामी भ्रमित मानिसहरू, हरेक साँझ उसको त्यही कसममाथि विश्वास गरेर अर्को भोलिको प्रतीक्षा गरिरहन्छौं ।

अहिले रात छिप्पिँदै गएको छ । झ्याल बाहिर फेरि भ्याउँकिरी कराइरहेछ, भ्यागुतो टर्र-टर्र गरिरहेछ । सडकको त्यो भव्य भवनभित्र बत्तीहरू निभिसकेका छन् । म सोच्दै छु, आज साँझ फेरि कुन चाहिँ छेपारोले भोलि घर बनाउने नयाँ कसम खाँदै होला ? र भोलि बिहान जब फेरि घाम झुल्किनेछ, कुन नयाँ रङ बोकेर ऊ सिंहदरबार छिर्ने होला ?

छेपारोको झुठो कसमले जित्ने यो संसारमा, ती निर्दोष श्रमजीवी जीवहरूको साँचो 'भोलि' कहिले आउला ? मलाई लाग्छ, यो कथाको अन्त्य कहिल्यै हुने छैन, जबसम्म पूर्वबाट घाम झुल्किरहनेछ र जबसम्म हामी हरेक साँझ एउटा नयाँ छेपारोको कसममाथि आफ्नो भविष्य धितो राखिरहनेछौं ।

❖

धर्म/संस्कृति

ॐ शब्दबाट भगवान शिव, विष्णु र ब्रह्मा प्रकट भएको कथा पुराणमा पनि छ। त्यसैले ॐ लाई सबै मन्त्रहरूको बीज मन्त्र तथा ध्वनि र शब्दहरूको जननी भनिन्छ। ॐ शब्दको नियमित उच्चारण गर्नाले शरीरमा रहेको आत्मा जागृत हुन्छ र रोग र तनावबाट मुक्ति मिल्छ पनि भनिएको छ। ॐ मन्त्रको जपलाई विज्ञान र चिकित्सा परीक्षणहरूले पनि धेरै लाभदायक मानेको छ। अनुसन्धान र न्यूरो विज्ञान संस्थानका प्रमुख प्रोफेसर जे मोर्गन र उनका सहकर्मीहरूले सात वर्षसम्म 'ॐ' मन्त्रको प्रभावको अध्ययन गरे। आफ्नो अध्ययनमा गम्भीर हृदय र मस्तिष्क रोगबाट पीडित व्यक्तिहरूलाई ॐ मन्त्रको जप गर्दा धेरै फाइदा हुन्छ भन्ने पत्ता लगाए। ॐ मन्त्रको जप गर्नाले शरीरमा रहेको धेरै मृत कोशिकाहरूलाई पुनर्जीवित गर्छ, जुन गम्भीर रोगहरूमा पनि धेरै लाभदायक हुन्छ।

ॐ मन्त्रको जप किन गर्ने ?

आध्यात्मिक दृष्टिले ॐ मन्त्रको नियमित जप गर्नाले व्यक्तिको शरीर र मन शुद्ध रहनुका साथै मानसिक शान्ति पनि प्राप्त हुने जनविश्वास रहेको छ। ॐ मन्त्रको जप गरेर मानिसले भगवानको नजिक पुग्ने प्रयास गर्छ। जिब्रो, ओठ, तालु, दाँत, घाँटी र फोक्सोबाट निस्कने हावाको संयुक्त प्रभावबाट सबै मन्त्रको उच्चारण सम्भव छ।

यसबाट निस्कने आवाजले शरीरका सबै चक्र र हर्मोन स्रावित ग्रन्थीहरूमा प्रहार गर्छ। यी ग्रन्थीहरूको स्रावलाई नियन्त्रण गरेर रोगहरूबाट बच्न सकिन्छ।

ॐ मन्त्र जपको ठूलो फाइदा के हो भने यसले दिमागबाट अज्ञात भय हटाउँछ र व्यक्तिमा लक्ष्य प्राप्त गर्न साहस र उत्साह बढाउँछ।

झापा आन्दोलनका योद्धा तथा पूर्वसांसद घनेन्द्र बस्नेतको निधन

दमक/ नेपाली वामपन्थी तथा कम्युनिस्ट आन्दोलनका पुराना नेता, झापा आन्दोलनका अगुवा तथा पूर्वसांसद घनेन्द्र बस्नेतको निधन भएको छ। लामो समयदेखि क्यान्सर रोगबाट पीडित बस्नेतको २०८३ असोज १४ गते बुधबार साँझ भक्तपुर क्यान्सर अस्पतालमा उपचारका क्रममा निधन भएको हो।

वि.सं. २००९ साल असोज २५ गते भोजपुरको कुलुङमा जन्मिएका बस्नेत युवा अवस्थादेखि नै पञ्चायती व्यवस्थाविरुद्धको राजनीतिक आन्दोलनमा सक्रिय थिए। उनी २०२७-२८ सालतिरको झापा आन्दोलनका अगुवा नेतामध्ये एक हुन्। राजनीतिक संघर्षकै क्रममा पक्राउ परेका उनले करिब १७ वर्ष जेल जीवन बिताएका विभिन्न स्रोतले उल्लेख गरेका छन्। एउटा जीवनीसम्बन्धी सामग्रीमा उनले १६ वर्ष तीन महिना जेलमा बिताएको उल्लेख छ।

बस्नेतको राजनीतिक जीवनसँग जोडिएको महत्वपूर्ण घटना २०३३ सालको नख्खु जेल ब्रेक पनि हो। चैत १२ गते नख्खु कारागारबाट सुरुङ खनेर बाहिरिएका १५ जना कम्युनिस्ट राजनीतिक बन्दीमध्ये बस्नेत पनि एक हुनुहुन्थ्यो। उनीसँगै सीपी मैनाली, प्रदीप नेपाल, वीरबहादुर लामा, धर्म घिमिरेलगायतका नेता जेल ब्रेकमा सहभागी भएका थिए।

२०४६ सालको जनआन्दोलनपछि खुला राजनीतिमा सक्रिय हुनुभएका बस्नेत तत्कालीन नेकपा (एमाले) बाट २०४८ सालको आमनिर्वाचनमा संखुवासभा-२ बाट प्रतिनिधिसभा सदस्य निर्वाचित हुनुभएको थियो। त्यसपछि २०५६ सालको निर्वाचनमा भोजपुर-१ बाट पुनः प्रतिनिधिसभा सदस्य निर्वाचित हुनुभएको थियो। संसद्को अभिलेखमा समेत २०४८ को संखुवासभा-२ का निर्वाचित सदस्यका रूपमा उनको नाम देखिन्छ।

संसद् सदस्यका रूपमा विकास तथा यातायातलगायतका विषयमा पनि सक्रिय रहेको अभिलेख भेटिन्छ। २०५६ सालमा विकास समितिका सदस्यसमेत रहेका संसद्को प्रकाशनमा उल्लेख छ। राजनीतिक जीवनमा बस्नेतले भूमि सुधारको क्षेत्रमा पनि भूमिका निर्वाह गरेका थिए। २०६७ सालमा उनको नेतृत्वमा वैज्ञानिक भूमिसुधारसम्बन्धी उच्चस्तरीय आयोग गठन भएको र आयोगले भूमि सुधारसम्बन्धी प्रतिवेदन सरकारलाई बुझाएको उल्लेख छ।

पछिल्लो राजनीतिक यात्रामा एमाले विभाजनपछि बस्नेत नेकपा (एकीकृत समाजवादी)सँग जोडिएका र पार्टीको उपाध्यक्षसमेत थिए। पछि वामपन्थी राजनीतिक एकताको प्रक्रियामा उनी नेकपा संयुक्तसँग पनि आबद्ध हुनुभएको विवरण सार्वजनिक भएका छन्।

बस्नेतको निधनप्रति विभिन्न राजनीतिक दलका नेता तथा सहकर्मीहरूले श्रद्धाञ्जली व्यक्त गरेका छन्। भोजपुरको साल्पासिलिछो गाउँपालिका-साविक कुलुङ गाविसको कामलेटारमा जन्मिएर नेपालको वामपन्थी आन्दोलनमा लामो समय सक्रिय बस्नेतको निधनले परिवार, सहकर्मी तथा शुभेच्छुकहरूमा शोक छाएको छ। बस्नेतको झण्डै १७ वर्षको जेल जीवन, नख्खु जेल ब्रेक, दुई पटकको संसदीय यात्रा तथा भूमि सुधारसम्बन्धी योगदान नेपाली वामपन्थी राजनीतिक इतिहासका महत्वपूर्ण अध्यायका रूपमा स्मरण छ।

सीपअनुसारको रोजगारी र रोजगारीसँग जोडिएको उत्पादन

इटहरी/ आन्तरिक श्रम बजारमा युवाको सीप र रोजगारीबीच तालमेल मिलाउनुपर्नेमा जोड दिँदै प्रतिनिधिसभाका सभामुख डोलप्रसाद अर्यालले बजारको मागअनुसारको सीप, सीपअनुसारको रोजगारी र रोजगारीसँग जोडिएको उत्पादनलाई श्रम तथा रोजगार नीतिको महत्वपूर्ण दिशाका रूपमा अघि बढाउनुपर्ने बताएका छन् ।

युवालाई रोजगारी खोज्ने जनशक्तिका रूपमा मात्र नभई सीपयुक्त, उत्पादनशील र रोजगारी सिर्जना गर्न सक्ने जनशक्तिका रूपमा विकास गर्नुपर्ने उनको भनाइ छ ।

'एकातिर रोजगारीको खोजीमा हाम्रा युवाहरू विदेशिनुपर्ने अवस्था छ भने अर्कोतिर स्वदेशमै रहेका रोजगारदाताले आवश्यक जनशक्ति नपाएर विदेशी कामदार ल्याउनुपर्ने बाध्यता छ,' इटहरीमा बिहीबारदेखि सुरु भएको 'सीप तथा रोजगार मेला-२०८३' को उद्घाटन गर्दै सभामुख अर्यालले भने ।

उनले युवाले सिकेको सीपलाई रोजगारीमा बदल्ने र रोजगारीबाट अघि बढेर आफैँ रोजगारी सिर्जना गर्न सक्ने वातावरण निर्माण गर्नुपर्ने बताए। आन्तरिक श्रम बजारको माग र उपलब्ध जनशक्तिको सीपबीच पर्याप्त तालमेल हुन नसक्दा युवाहरू रोजगारीका लागि विदेशिनुपर्ने अवस्था रहेको उनले उल्लेख गरे ।

सभामुख अर्यालले आन्तरिक रोजगारीलाई भरपर्दो विकल्पका रूपमा स्थापित गर्न राज्यका तीनै तह, निजी क्षेत्र र विकास साझेदारबीच प्रभावकारी समन्वय आवश्यक रहेको बताए ।

युवालाई व्यावहारिक सीप प्रदान गरी रोजगारीका अवसरसँग जोड्ने उद्देश्यले युवा, श्रम तथा रोजगार मन्त्रालयको आयोजनामा मेला सुरु भएको हो । मेला असोज २० गतेसम्म सञ्चालन हुनेछ ।

मेलामा युवाको सीप पहिचान, सीप प्रोफाइलिङ, रोजगार मिलान, व्यावहारिक तालिम तथा रोजगारदाता र तालिम प्रदायक संस्थासँग प्रत्यक्ष सम्पर्कको व्यवस्था गरिएको छ । विभिन्न विषयका व्यावहारिक तालिम, सीप प्रदर्शन, सूचना तथा परामर्श र उद्यमशीलतासम्बन्धी कार्यक्रमसमेत मेलामा सञ्चालन हुनेछन् ।

कार्यक्रममा सहभागी सांसद सृष्टि भट्टराईले सीपले युवाको आत्मविश्वास र रोजगारीले आत्मनिर्भरता बढाउने बताइन् । युवालाई नयाँ सीप, अवसर र भविष्यसँग जोड्ने अभियान आवश्यक रहेको उनको भनाइ थियो । सीप तथा रोजगार मेलाले रोजगार खोजिरहेका युवालाई रोजगारदाता, तालिम प्रदायक तथा सीप विकासका अवसरसँग प्रत्यक्ष जोड्ने अपेक्षा गरिएको छ ।

कविता

देश जोगाऔं, सजग बनौं

देवेन्द्र किशोर दुंगाना

मैले मेरो लागि बोलेको होइन,
मेरो स्वर त
भोका आमाको चिच्याहट हो,
मेरो आवाज त खेत बेचेर छोरालाई पढाउने
बाबुको पसिनाको हिसाब हो ।
यदि देशको कुरा गर्दा मलाई थुन्छौ भने
थाहा पाऊ–
यो मुख होइन, सत्य थुन्न, खोजेका हौ तिमीहरूले ।
साँचो बोल्नेहरूको मुख बन्द गरेर
कुनै देश बाँच्दैन,
इतिहासका पानामा लेखिएको छ,
जेलले विचार मार्दैन,
गोलीले सपना मर्दैन, राष्ट्रप्रेमलाई हतकडी लाग्दैन ।
देश बोल्नेबाट खतरा हुँदैन,
देश बेच्नेबाट खतरा हुन्छ,
कुर्सीमा बसेर सौदा गर्नेहरूबाट हुन्छ,
राति सम्झौता गरेर
बिहान राष्ट्रवादको भाषण गर्नेहरूबाट हुन्छ ।
सिंहदरबार जलाउनेहरु र ,
सिंहदरबार बेच्नेबाट डर लाग्छ मलाई,
फाइलभित्र लुकाइएको
देशको भविष्य बेचिएको कागजबाट डर लाग्छ ।
चुनाव गराउन आएका मन्त्रीहरू
कहाँ छन् आज ?
जनताको ढोका ढक्ढक्याएर भोट माग्नेहरू
जनताको पीडा सुन्न किन बहिरा भए ?
बाबुले छोराको लागि दुलही खोजेर
आफैँ बिहे गर्ने, बाबु जस्तै
देशको नाममा कमाइ गरेर
आफ्नै खल्ती भर्नेहरू, के यिनै हुन् अभिभावक ?
तिमीहरू सच्चा अभिभावक हुन सकेनौ,
सच्चा नागरिक नै बन्न सकेनौ,
आह ! कुर्सी मोह
कुर्सी तिमीहरूको भाग्य बिधाता भयो,
जनता तिमीहरूको सिँढी मात्र भयो ।
मलाई थुन्ने होइन,
राज्य माथि खेलबाड गर्नेहरूलाई थुन्नुपर्छ,
जनताको सपनामा ताला लगाउनेहरूलाई थुन्नुपर्छ,
लोकतन्त्रको नाममा नाटक गर्नेहरूलाई थुन्नुपर्छ ।
सम्मानित सदनमा
खाली कागजको खोस्टो देखाएर
'प्रमाण मसँग छ' भन्नेहरूलाई
किन कानुन लाग्दैन ?
किन साइबर लाग्दैन ?
किन न्याय निदाउँछ
जब चोरहरू सूट-टाइ लगाएर बोल्छन् ?
म डराउँदिनँ ।
डर त उनीहरूलाई लागोस्
जसले इतिहाससँग विश्वासघात गरेका छन् ।
म बोलिरहन्छु, किनकि मेरो स्वर
एक्लो होइन,
यो लाखौँ युवाको मुटुको धड्कन हो ।
अब हामी सजग हुनुपर्छ,
नयाँ खतरा बन्दुकबाट होइन,
अल्गोरिदमबाट आउँछ,
स्क्रिनभित्र लुकेको षड्यन्त्रबाट आउँछ,
फेक खबर, झुटा ट्रेन्ड,
किबोर्डको युद्धबाट आउँछ ।
जनमत किनेर
देश कब्जा गर्न खोज्ने शक्तिबाट,
हाम्रो सोच नै ह्याक गर्न खोज्ने
डिजिटल दलालहरूबाट
अब जोगिनै पर्छ ।
भ्रमको खेती गर्नेहरू, झुटको मल हाल्नेहरू,
हेरफेरको पानी हाल्नेहरू,
यिनले लोकतन्त्रको बोट
सुकाउन खोज्दैछन् ।
हामीले चिन्नै पर्छ, कसले सत्य बोल्छ,
कसले स्क्रिप्ट पढ्छ ।
कसले राष्ट्र बनाउँछ, कसले राष्ट्र बेच्छ ।
यो मेरो देश बचाउने लडाइँ हो,
यो कुर्सीको खेल होइन, यो भविष्यको खेल हो,
हाम्रो सन्तानको सपनाको खेल हो ।
आमा अझै लाइनमा ग्यास खोजिरहेकी छिन्,
बाबु अझै वैदेशिक टिकट खोजिरहेछन्,
युवा अझै रोजगारीको बाटो खोजिरहेछन्,
तर नेताहरू
सत्ता गणित मिलाइरहेछन् ।
कति समय यस्तो चल्छ ?
कति पुस्ता बिदेसिन्छ ?
कति सपना पासपोर्टमा सीमित हुन्छ ?
अब उठ्नुपर्छ,
अब बोल्नुपर्छ,
अब चुप लागेर बस्नु अपराध हो ।

भद्रपुर, झापा

चलचित्र समीक्षा

समर्पण र त्यागको पर्याय: बा !

ओमप्रकाश गौतम

जीवनको भोगाइमा सङ्घर्षका कथा र ब्यथाहरु आइरहन्छन । यी सबैलाई आत्मसात गरेर अघि बढ्न सक्यो भने मानिसलाई कहिल्यै आपत्ति पर्दैन यो शाश्वत सत्य हो । यसलाई कसैले नकार्न सक्दैन । जीवनलाई बोझका रुपमा कहिल्यै लिनुहुन्न । मलाई अप्ठ्यारो पर्यो अब म चुप लागेर बस्नुपर्छ, बोल्नुहुन्न भनेर निराशा आफैमा जगाउनुहुन्न । निराशालाई आशामा बदल्नुका लागि त्याग र समर्पण अनिवार्य सर्त हो । हामी निराशाका बिच आशा खोज्नुपर्छ ।

आशामा दिनदिनै निराशा जन्मियो भने कुनैपनि मान्छेले सही गन्तव्य पहिल्याउन सक्दै - सक्दैन । निराशाले यति बितृष्णा जन्माउछ कि उसले सही सन्मार्ग पत्ता लगाउनै गाह्रो हुन्छ । यस्तै अलि पृथक कथाबस्तु बोकेर आएको छ हामी तमाम नेपालीहरु माझ नयाँ नेपाली चलचित्र 'बा : एक योद्धा' नेपाली चलचित्र । आजसम्म बनेका नेपाली चलचित्रहरुको कथाबस्तु हेर्दा हामीलाई लाग्छ कि कुनैपनि नेपाली चलचित्रका परिदृश्यहरु ठ्याक्कै शीर्षक अनुसारका

बन्नै सकेनन । कथाबस्तुहरु कतै न कतै चिप्लिएका छन । बिषयबस्तु उठान हुन सकेकै देखिन्न । कहिँ न कहिँ एउटा न एउटा पात्र चुकेको देखिन्छ भने चलचित्रको कथाबस्तु अन्त्यतिर चलचित्रको नाम अनुसार शीर्षक सार्थक नभएको देखिन्छ ।

नेपाली समाजमा 'बा' एउटा सम्बोधन मात्र होइन, त्याग, जिम्मेवारी, भरोसा र संघर्षको पर्याय हो । सन्तानको भविष्य उज्यालो बनाउन आफ्ना रहर र आवश्यकतालाई पछाडि राख्ने बुबाको कथा नेपाली परिवारमा नौलो होइन । तर यही परिचित यथार्थलाई भावनात्मक पारिवारिक कथामा प्रस्तुत गरेको चलचित्र हो–'बा : एक योद्धा'। हरि लम्सालको लेखन तथा निर्देशन रहेको चलचित्रमा दिव्यदेव पन्त, झरना थापा, सुहाना थापा, सागर खनाल, सुप्रज्ञा शर्मा, अनिल बुढाथोकीलगायत कलाकारको अभिनय छ । छोरीको विवाहदेखि सुरु हुन्छ पारिवारिक कथा चलचित्रको कथा मध्यमवर्गीय परिवारका रुद्रप्रसाद अधिकारी (दिव्यदेव पन्त) वरिपरि घुम्छ । उनकी छोरी कृपा (सुहाना थापा) को विवाहको तयारीले परिवारमा खुसी ल्याएको हुन्छ । छोरीको विवाह राम्रोसँग सम्पन्न होस् भन्ने चाहनामा रुद्रप्रसाद आफ्नो आर्थिक हैसियतभन्दा माथि उठेर खर्च गर्न तयार हुन्छन् ।

तर बुबाको यही माया र जिम्मेवारीप्रति छोरा विशाल (सागर खनाल) भने असन्तुष्ट देखिन्छ । बहिनीको विवाहका लागि ऋण लिनुपरेको भन्दै उसले बाबुसँग असन्तुष्टि जनाउँछ । यहीँबाट परिवारभित्रको आर्थिक तनाव र सम्बन्धको दरार विस्तारै गहिरिँदै जान्छ । छोरीको विवाह सम्पन्न भएपछि रुद्रप्रसादलाई केही राहत र खुसी मिल्छ । तर उनको यो खुसी धेरै समय टिक्दैन। अब परिवारको अर्को समस्या छोराको भविष्यसँग जोडिन्छ । छोराको विदेश जाने सपना बाबुको संघर्ष अनि विशाल र उसकी श्रीमतीको चाहना क्यानडा जाने हुन्छ । सन्तानको भविष्यप्रतिको मोह र उनीहरूको सपनालाई रोक्न नसक्ने बाबुको मनोविज्ञान चलचित्रको अर्को महत्वपूर्ण पक्ष हो । छोराको सपना पूरा गराउन रुद्रप्रसादले फेरि आफ्नो क्षमता र परिस्थितिभन्दा माथि उठेर संघर्ष गर्नुपर्छ । यहाँ चलचित्रले एउटा गम्भीर प्रश्न उठाउँछ– सन्तानको सपना पूरा गरिदिने क्रममा अभिभावकले आफ्नै जीवन र खुसीको मूल्य कति चुकाउनुपर्छ ? रुद्रप्रसादका लागि छोराछोरीको खुसी नै आफ्नो खुसी हो । उनी सन्तानको भविष्य बनाउन आफ्नो वर्तमानलाई निरन्तर बलिदान दिइरहन्छन् । तर समय बित्दै जाँदा उनले गरेको त्यागको मूल्य सन्तानले बुझ्न नसकेको अवस्था सिर्जना हुन्छ । यही बिन्दुबाट चलचित्रको पारिवारिक द्वन्द्व अझ मार्मिक बन्दै जान्छ । एउटा दृश्य, जसले धेरै कुरा बोल्छ ।

चलचित्रमा आमाले आफ्नो कानको झुम्का बेच्न सुन पसल पुगिरहेको दृश्य र त्यही समयमा बुहारीले नयाँ झुम्का किनेर लगाइरहेको दृश्यलाई समानान्तर रूपमा प्रस्तुत गरिएको छ । संवादबिनै दुई फरक परिस्थिति देखाउने यो दृश्यले परिवारभित्र अभिभावकले गर्ने त्याग र सन्तानतर्फ बढ्दै गएको उपभोगवादी चाहनाबीचको दुरीलाई प्रभावशाली ढंगले देखाउँछ । यस्ता दृश्यले चलचित्रको मूल भावलाई स्पष्ट गर्छन्, सन्तानको आवश्यकता पूरा गर्न अभिभावकले आफ्नो आवश्यकता त्यागिरहेका हुन्छन्, तर त्यही त्यागको अनुभूति सन्तानसम्म नपुग्न सक्छ । सन्तानको भविष्य बनाउँदा आफ्नै भविष्य हराएको बा नै 'बा : एक योद्धा'को कथाको सबैभन्दा मार्मिक पक्ष यही हो। रुद्रप्रसाद सन्तानका लागि लगातार लडिरहेका छन् । छोरीको विवाहदेखि छोराको विदेश जाने सपनासम्म उनी आफ्नो सामर्थ्यभन्दा पर गएर परिवारलाई सम्हाल्न खोज्छन् ।

तर उमेर ढल्दै जाँदा परिस्थिति बदलिन्छ । जुन सन्तानको भविष्यका लागि उनले आफ्नो जीवन समर्पण गरे, त्यही सन्तानबाट उनले उपेक्षा, दूरी र पीडा भोग्नुपर्ने अवस्था आउँछ । चलचित्रले वृद्ध अवस्थामा बाबुआमाले आफ्नै सन्तानबाट पाउने व्यवहारलाई कथाको महत्वपूर्ण तह बनाएको छ। यसैले चलचित्रको 'योद्धा' शब्द युद्धभूमिको योद्धाका लागि मात्र प्रयोग गरिएको होइन। परिवारको सुखका लागि जीवनभर संघर्ष गर्ने एउटा साधारण नेपाली बुबा पनि योद्धा हो भन्ने भाव यसले स्थापित गर्न खोजेको छ। परिचित कथा, तर गहिरो सामाजिक प्रश्न

अभिभावकले सन्तानका लागि सर्वस्व त्याग गर्ने र अन्ततः सन्तानबाटै उपेक्षित हुने कथावस्तु नेपाली चलचित्रमा बिल्कुल नयाँ होइन । यही कारण चलचित्रका केही घटनाक्रम दर्शकले अनुमान गर्न सक्ने खालका छन् । समीक्षात्मक दृष्टिले हेर्दा कथाले सन्तानका महत्वाकांक्षाका पछाडि रहेका आर्थिक, सामाजिक र व्यक्तिगत कारणलाई अझ गहिराइमा खोतलेको भए पात्रहरू थप बहुआयामिक बन्न सक्थे । तर चलचित्रको शक्ति यसको कथानकमा रहेको भावनात्मक पहिचानमा छ । वैदेशिक रोजगारी तथा अवसरको खोजीमा सन्तान विदेशिने नेपाली परिवार, घरमा बाँकी रहने अभिभावकको एक्लोपन र पुस्ताबीच बढ्दै गएको दूरी आजको नेपाली समाजको वास्तविकतासँग जोडिएका विषय हुन् ।

दिव्यदेवको 'बा' र सन्तानको सम्बन्ध

दिव्यदेव पन्तले रुद्रप्रसादको चरित्रमार्फत परिवारको जिम्मेवारी बोकेको एउटा बुबाको भावनात्मक यात्रा प्रस्तुत गरेका छन् । उनको पात्रको शक्ति कुनै असाधारण वीरतामा होइन, सामान्य जीवनका असाधारण त्यागमा छ। सुहाना थापा छोरी कृपाको भूमिकामा छिन् भने सागर खनालले विशालको भूमिका निर्वाह गरेका छन् । झरना थापा आमाको भूमिकामा देखिएकी छन् । यी पात्रहरूबीचको सम्बन्धमार्फत चलचित्रले एउटै परिवारभित्र प्रेम, अपेक्षा, स्वार्थ, जिम्मेवारी र गलत बुझाइ कसरी एकसाथ उपस्थित हुन्छन् भन्ने देखाउने प्रयास गरेको छ ।

अन्त्यमा एउटा प्रश्न

'बा : एक योद्धा' हेरेपछि दर्शकका लागि सबैभन्दा महत्वपूर्ण कुरा चलचित्रको कथा मात्र रहँदैन । यसले आफ्नै घर सम्झाउने सम्भावना राख्छ। हामीमध्ये धेरैका बुबाले पनि आफ्ना सन्तानका लागि अनेक कुरा त्यागेका हुन्छन्। कतिपयले त्यो त्याग बुझ्छौँ, कतिपयले ढिलो बुझ्छौँ र कतिपयले बुझ्नुअघि नै समय बितिसकेको हुन्छ । सन्तानको सफलतालाई आफ्नो सफलताको रूपमा लिने बुबा र सन्तानबाटै आफ्नो बुढेसकालको सहारा खोज्ने अभिभावकको कथा चलचित्रले प्रस्तुत गर्छ । यसकारणले पनि 'बा : एक योद्धा'को मूल प्रश्न केवल 'बुबाले सन्तानका लागि के गरे ?' भन्ने होइन; अझ महत्वपूर्ण प्रश्न हो,'सन्तानले बुबाआमाका लागि के गर्न सक्छ ?' हरि लम्सालले आफ्नो पहिलो फिचर निर्देशनमा नेपाली मध्यमवर्गीय परिवारको परिचित पीडा र सम्बन्धको द्वन्द्वलाई पर्दामा उतार्ने प्रयास गरेका छन् ।

अन्ततः 'बा : एक योद्धा' एउटा बुबाको कथा हो, जसले सन्तानको सपना पूरा गर्न आफ्नै संसार गुमाउँदै जान्छ । उसको हातमा हतियार छैन, तर जिम्मेवारीको भारी छ; युद्धभूमि छैन, तर जीवनका अनगिन्ती कठिनाइ छन् । ऊ जितका लागि होइन, आफ्ना सन्तानको भविष्यका लागि लडिरहेको हुन्छ । सायद यही कारण 'बा'लाई योद्धा भनिएको हो, किनकि सन्तानका लागि गरिने सबैभन्दा ठूलो युद्ध जीवनभर चल्छ, र त्यो युद्धमा बुबाले प्रायः आफ्नै पीडालाई कहिल्यै कथा बनाउँदैनन्। हो, आज यही समस्यै समस्याले हाम्रा बा र आमा छोरा र छोरीको माया र ममताबाट बुढेसकालको साहारा कोहि नभएर बिरक्तिन बाध्य छन् ।

वास्तवमा यो चलचित्र एउटा यस्तो पारिवारिक कथा र ब्यथाले भरिएको छ कि शुरुदेखि अन्त्यसम्मका कथा अनि पटकथा सुन्दा र हेर्दा कता कता अमिल्दा भएपनि यो चलचित्र वस्तुयथार्थ रुपमा कारुणिक र सत्य घटना जस्तो लाग्छ । यो कलमीले चलचित्र हेरेपछि देखेका सत्य घटना लेखेको छ । सम्पूर्ण कलाकार, निर्माता, निर्देशक, छायाङ्कनकार, गीतकार, गायक, गायिका सबैलाई पूर्ण सफलताको शुभकामना ।

मनोरञ्जन

आशिष र रचनाको "चुलबुले नानी" सार्वजनिक

दमक/ गायक आशिष अविरल र गायिका रचना रिमालको स्वरमा रहेको नयाँ गीत 'चुलबुले नानी' सार्वजनिक भएको छ । लोक शैली, आधुनिक प्रस्तुति र आकर्षक नृत्यको संगम रहेको यो गीतको भिडियोले सामाजिक सञ्जालमा तर्चित छ । लोक-नृत्य शैलीमा तयार पारिएको गीतमा आशिष अविरलको संगीत रहेको छ भने शब्द रिमा श्रेष्ठले रचना गरेकी हुन् । गीतको म्युजिक भिडियोमा कलाकार सुरेश कोहली र जुना सुन्दासको अभिनय तथा नृत्य देख्न सकिन्छ । सोनाम पाखिनको निर्देशनमा बनेको भिडियोको कोरियोग्राफी सियोन श्रेष्ठले र सहायक कोरियोग्राफी माधव ढुङ्गानाले गरेका हुन्। कुशल सिंह निलले एरेन्ज गरेको गीतको रेकर्डिङ शिशिर परियार र कृष्ण लामिछानेले गरेका हुन् भने मिक्सिङ तथा मास्टरिङ आशिष अविरलले नै गरेका छन् । गीतको रेकर्डिङ रागा रेकर्ड्स एण्ड रिसर्च सेन्टरमा भएको हो ।

सिनेमेटोग्राफर उत्सव दाहालले छायांकन गरेको यो भिडियोको सम्पादन बिजेश पौडेलले गरेका छन् । भिडियोमा ज्योति केसीको मेकअप, दिपेन गौतम माइकलको प्रोडक्सन म्यानेजर र कुशल गुरुङको निर्माण रहेको छ । यसअघि देशभक्ति, आधुनिक तथा प्रेमभावका गीत लेख्दै आएकी गीतकार रिमा श्रेष्ठले नेपाली कला, भाषा र संस्कृतिलाई गीत-संगीतमार्फत प्रवर्द्धन गर्ने प्रयास गर्दै आएकी छन् ।

आज मिति
२०८३ साल
असोज १६ गते
शुक्रबार
2 Oct. 2026
तिथि: सप्तमी श्रद्धा

ज्यो. लक्ष्मी प्र. ढकाल
ठेगाना : क्याम्पस मोड, सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागि:
९८६७३१०८८२/९८१७००५१६५

राशि	अक्षर	फल
मेष	चु चे लो ला लि लँ ले लो अ	शत्रु परास्त । अँट बढ्ने, सामान्य लाभ ।
वृष	इ उ ए ओ वा वि वु वे वो	पढाईमा अल्छी लाग्ने । अकस्मात केही लाभ ।
मिथुन	का कि कु घ ङ छ के को हा	उत्तम खाना । व्यवसायबाट लाभ ।
कर्कट	हि हु हे हो डा डि डु डे डो	मातासँग मनमोटाव । आँखा वा खुट्टामा समस्या ।
सिंह	मा मि मु मे मो टा टि टु टे	शिक्षामा सफल । पेटमा समस्या ।
कन्या	टो प पी पँ ष ण ठ पे पो	कार्यमा सफलता । सवारी साधनमा साधान्य समस्या।
तुला	रा री रु रे रो ता ती तु ते	सरकार पक्षसँग विवाद । भाईबैनीबाट सहयोग ।
वृश्चिक	तो ना नि नँ ने नो या यि यु	शिरमा समस्या । सुसुरालीबाट सहयोग ।
धनु	य यो भा भी भ धा फा ढ भे	वयापारबाट राम्रो । द्रव्य लाभ ।
मकर	भो जा जी खि खू खे खो गा गी	शत्रु परास्त । हार्डवेयरको पसलबाट लाभ ।
कुम्भ	गँ गे गो सा सी सँ से सो द	पढ्नमा अल्छीपन हुने । सन्तानसँग विवाद ।
मीन	दि दु थ झ ञ दे दो चा ची	लेनदेनमा विवाद । मनमा अशान्ति ।

अब निजामती कर्मचारीले रजस्वला विदा पनि पाउने

दमक/ सरकारले बिहीबार संसदमा दर्ता गरेको 'संघीय निजामती सेवा विधेयक, २०८३' महिला कर्मचारीलाई महिनावारी(रजस्वला विदा दिने व्यवस्था गरिएको छ ।

विधेयकमा निजामती कर्मचारीलाई ९ प्रकारको विदाको व्यवस्था प्रस्ताव गरिएको छ, जसमा सरकारले महिला कर्मचारीलाई प्रदान गरिने सेवामा थप गर्दै विधेयकमा महिनावारी(रजस्वला विदा थप गरेको हो ।

विधेयकमा सरकारले भैपरी, घर, बिरामी, मातृत्व तथा प्रसूति, प्रसुति स्याहार, महिनावारी(रजस्वला, मृत्यु संस्कार, अध्ययन र असाधारण विदा प्रस्ताव गरिएको छ । त्यस्तै, सरकारले विधेयकमा असाधारण विदा पनि प्रस्ताव गरेको छ ।

ब्राउनसुगरसहित युवक पक्राउ

उर्लावारी/ मोरङ प्रहरीले ८ ग्राम ५०० मिलिग्राम ब्राउनसुगरसहित एक जनालाई पक्राउ गरेको छ । विराटनगर महानगरपालिका–१६ दरैया चोकमा बिहीबार भारतबाट नेपालतर्फ आउँदै गरेको प्रदेश १–०२–०५० प ६०७६ नम्बरको स्कुटरलाई शंका लागेर प्रहरीले रोकी चेकजाँच गरेको थियो ।

इलाका प्रहरी कार्यालय रानी र लागुऔषध नियन्त्रण ब्यूरो विराटनगरबाट खटिएको संयुक्त प्रहरी टोलीले स्कुटर चालक मोरङको केराबारी गाउँपालिका–७ बस्ने ३३ वर्षीय विश्वास चेम्जोङलाई जाँच गर्दा उनको साथबाट ८ ग्राम ५०० मिलिग्राम ब्राउनसुगर मोरङ प्रहरीका सूचना अधिकारी मकेन्द्रकुमार मिश्रले जानकारी दिए । मिश्रका अनुसार लागुऔषधसहित स्कुटर बरामद गरी चेम्जोङलाई नियन्त्रणमा लिएर इलाका प्रहरी कार्यालय रानीमा राखिएको छ ।

*ज्येष्ठ...*अतिथि वडाध्यक्ष दाहालले शुभकामना मन्तव्य राख्दै ज्येष्ठ नागरिकको हेरचाह, स्याहार र सम्मानका लागि काम गर्नु हरेक नयाँ पुस्ताको कर्तव्य हो भन्दै आफू जनप्रतिनिधि भएको हैसियतले त्यसका लागि झनै प्राथमिकता दिएर लागी पर्ने बताए । उनले ज्येष्ठ नागरिकका हरेक सुख दुःखमा साथ दिन सदैव तत्पर रहेको भन्दै संघको कार्यालयमा दिवा सेवामा दिनहुँ आउने बुबा आमाहरूका लागि शौचालयमा कमोडको व्यवस्था गरिदिने प्रष्ट पारे । अर्का विशेष अतिथि राष्ट्रिय ज्येष्ठ नागरिक महासंघका केन्द्रीय सदस्य पंकज दाहालले महासंघले ज्येष्ठ नागरिकको हक, हित र अधिकारका लागि वडा देखि केन्द्र सम्म नै आवाज उठाएर विभिन्न ढंगले काम गरिरहेको जानकारी गराए ।

अर्का वक्ता कोशी प्रदेश ज्येष्ठ नागरिक महासंघका सचिव संग्रौलाले दिवसका दिन मात्र सम्झने तर अरू ३६४ दिन ज्येष्ठ नागरिकको सुख र खुशीका लागि बिर्सने काम कसैले पनि गर्न नहुने धारणा राखे । संघका सल्लाहकार संयोजक खरेलले पनि मन्तव्य राखेको कार्यक्रममा स्वागत मन्तव्य संघकी उपाध्यक्ष मीनाकुमारी कोइराला र कार्यक्रम संचालन सचिव गंगाप्रसाद संग्रौलाले गरेका थिए ।

उता ललितपुरको शंखमूलमा पनि महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसंख्यक र सामाजिक सुरक्षा मन्त्रालयका सचिव कृष्णबहादुर राउतको प्रमुख आतिथ्यतामा ज्येष्ठ नागरिक र युवा विद्यार्थीहरूलाई सहभागी गराइ सचेतना र अन्तरक्रिया गरेर सो दिवस मनाइएको छ । राष्ट्रिय महासंघको कार्यालय भवन ललितपुर शंखमूलमा मनाइएको सो दिवसको कार्यक्रमको अध्यक्षता महासंघका अध्यक्ष सूर्यप्रसाद श्रेष्ठले गरेका थिए भने स्वागत मन्तव्य महासचिव मोहनलाल श्रेष्ठ र कार्यक्रम संचालन उपाध्यक्ष शारदादेवी चन्दले गरेका थिए । महासंघका सल्लाहकार प्रा.डा. प्रेम शर्मा, महिला मन्त्रालय ज्येष्ठ नागरिक संरक्षण शाखा प्रमुख उपसचिव निर्मला कार्की लगायत रहेका थिए । यो दिवस देशका धेरै जिल्लाहरूमा मनाइएको छ । महासंघले पालिका, जिल्ला र प्रदेश स्तरमा दिवस मनाउन मातहतका संघ महासंघहरूलाई पत्राचार गरेको थियो ।

भारत.... सहमति भइ क्षमता थप गर्न सकिने) भारतको पावर एक्सचेन्ज माध्यमबाट भारतीय विद्युत बजारमा बिक्री गर्न विद्युत खरिदबिक्री सम्भौताको संलग्न मस्यौदा स्वीकृत गर्न सञ्चालक समितिमा सिफारिस गरेका थिए ।

*अब...*प्रमुख प्रशासकीय अधिकृत स्थानीय सेवाकै पद, कर्मचारी नपुगे संघीय निजामतीबाट खटाइने

विधेयकको दफा ११८ मा स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतको पदलाई 'स्थानीय सेवा' कै पद हुने गरी परिभाषित गरिएको छ । जस अनुसार महानगरपालिका र उपमहानगरपालिकामा अधिकृत ११ औं तह, नगरपालिकामा अधिकृत १० औं तह र गाउँपालिकामा अधिकृत ८ औं तहका प्रशासन सेवाका कर्मचारी प्रमुख प्रशासकीय अधिकृतका रूपमा रहनेछन् ।

यदि तोकिएको तहका कर्मचारी उपलब्ध नभएको अवस्थामा एक तह मुनिको पदमा कम्तीमा तीन वर्ष सेवा अवधि पुरा गरेको कर्मचारीलाई प्रमुख प्रशासकीय अधिकृत बनाउन सकिनेछ ।

स्थानीय सेवाबाट कर्मचारी पदपूर्ति नभएसम्मका लागि नेपाल सरकारले सङ्घीय निजामती सेवाका कर्मचारीलाई मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमार्फत खटाउन सक्नेछ ।

यसरी खटाइएका कर्मचारीलाई मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले १० दिनभित्र स्वीकृत दरबन्दी अनुसार रिक्त स्थानीय तहमा खटाउनुपर्ने दायित्व तोकिएको छ ।

यदि सरकारले कर्मचारी खटाउन नसकेको अवस्थामा सम्बन्धित स्थानीय तहमा कार्यरत वरिष्ठतम कर्मचारीले प्रमुख प्रशासकीय अधिकृतको रूपमा कामकाज गर्नेछन् । यसका साथै खटिएका प्रमुख प्रशासकीय अधिकृतको कार्यसम्पादन मूल्यांकन प्रदेशका मुख्य सचिव र सचिवमार्फत हुने व्यवस्था समेत विधेयकले गरेको छ ।

*एक महिना....*अफ्रिकाबाट चार हजार ५६८ पर्यटक नेपाल भित्रिएका छन् ।

गत वर्षको सेप्टेम्बर महिनामा ७८ हजार ७११ विदेशी पर्यटक नेपाल भित्रिएका थिए । गत वर्षको तुलनामा यसवर्ष सेप्टेम्बर महिनामा विदेशी पर्यटकको आवागमन संख्या बढे पनि गत भदौ १० गते रसुवाको भोटेकोशी नदीमा गएको बाढीका कारण उल्लेख्य पर्यटक भित्रिन नसकेको बोर्डले जनाएको छ ।

*मोरङ...*झडपमा केही नेता तथा कार्यकर्ता घाइते भएका थिए ।

विवादपछि नेपाली कांग्रेसले क्षेत्र नम्बर ६ को अधिवेशन सम्पन्न गराउने विशेष जिम्मेवारी जिल्ला सहसचिव मण्डललाई दिएको थियो । कांग्रेस केन्द्रीय कार्यालयले पठाएको पत्रमा पार्टी विधान तथा जिल्ला कार्यसमितिको निर्णयअनुसार १५औं महाधिवेशनअन्तर्गत क्षेत्रीय अधिवेशन सम्पन्न गर्न मण्डललाई जिम्मेवारी तोकिएको उल्लेख छ । निर्वाचन समितिसँग समन्वय गरी प्रक्रिया अघि बढाउन पनि पत्रमा निर्देशन दिइएको छ ।

यसअघि अधिवेशनको संयोजन क्षेत्रीय सभापति देवराज तामाङले गर्दै आएका थिए । मनोनयन दर्ताका क्रममा विवाद भएपछि झडप भएको थियो । घटनामा चुमनारायण तबदार, चेतराज रेग्मी र सौरभ पोखरेललगायत घाइते भएको जनाइएको छ ।

यसैबीच, घटनामा कांग्रेस नेता डा. शेखर कोइरालाको कुनै संलग्नता नरहेको उनको सचिवालयले स्पष्ट पारेको छ । स्वकीय सचिव दिनेश थपलियाले घटनासँग कोइरालाको नाम जोडेर भ्रम फैलाइएको भन्दै खण्डन गरेका छन् । यसअघि सहमहामन्त्री डा. डिला संग्रौलाले घटनामा कोइराला पक्षधरको संलग्नता रहेको आरोप लगाएकी थिइन् । कोइराला सचिवालयले उक्त आरोप अस्वीकार गरेको हो ।

*दमकबाट...*लोहागाडा चोकनजिक लक्की ढाबामा भारतीय प्रहरीले छापा मार्दा विकासकुमार पण्डित र शहनबाज शाह पक्राउ परेका थिए ।

भारतीय प्रहरीका अनुसार उनीहरूको साथबाट पाँच सय दरका ७ लाख ३० हजार ९०० भारतीय रुपैयाँ बराबरका नक्कली नोट बरामद भएको थियो । उनीहरूबाट १०० ग्राम ब्राउन सुगर, २०.५ ग्राम सुन, ७२५ ग्राम चाँदी, चार मोबाइल र दुई मोटरसाइकलसमेत बरामद भएको जनाइएको छ ।

नेपाल र भारतका सीमावर्ती क्षेत्रमा छोटो समयको अन्तरमा नक्कली भारतीय मुद्रासम्बन्धी घटना सार्वजनिक भएपछि सुरक्षा निकायले यसको सम्भावित सीमापार सञ्जालबारे समेत अनुसन्धान गर्नुपर्ने देखिएको छ । दमकमा बरामद नोट र किशनगञ्जमा बरामद नोटबीच कुनै सम्बन्ध रहे/नरहेको भने अनुसन्धानबाट खुल्नेछ ।

अन्तर्राष्ट्रिय

पाकिस्तानी हवाई आक्रमणमा नौ जनाको मृत्यु

दमक/ अफगानिस्तानका दुई प्रान्तमा पाकिस्तानले रातभर गरेको हवाई आक्रमणमा नौ महिला तथा बालबालिकाको मृत्यु भएको तालिबान सरकारले जनाएको छ । आक्रमणमा ११ जना सर्वसाधारण घाइते भएको अफगान पक्षको दाबी छ । पाकिस्तानले भने अफगानिस्तानमा रहेका आतंकवादीका लुकेका स्थान तथा शिविरलाई लक्षित गरी हवाई कारबाही गरिएको जनाएको छ । पाकिस्तानको प्रारम्भिक विवरणअनुसार कारबाहीमा २२ जना आतंकवादी मारिएका छन् । यस वर्षको सुरुदेखि तनाव बढेपछि पाकिस्तानले अफगानिस्तानभित्र पटकपटक हवाई कारबाही गर्दै आएको छ ।

भारतीय क्याप्टेनलाई मोदीले "नायक"को पदवी

नयाँदिल्ली/ भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले दुबई–तेल अभिब उडानका क्रममा सह–पाइलटसँग विमानको नियन्त्रणका लागि भएको संघर्षमा घाइते भारतीय क्याप्टेन स्मित मच्छरको साहसको प्रशंसा गरेका छन् ।

मोदीले क्याप्टेन मच्छरलाई 'नायक' भन्दै गम्भीर जोखिमका बीच पनि विमानमा रहेका यात्रुको ज्यान जोगाउन उनले साहस र दृढताको प्रशंसा गरेका हुन् ।

लाईदुबईको उक्त उडानमा रहेका सबै १७४ यात्रु सुरक्षित रहेको एयरलाइन्सले जनाएको छ । सञ्चारमाध्यमका अनुसार तीमध्ये १६६ जना इजरायली नागरिक थिए । सह(पाइलटसँग विमानको नियन्त्रणका लागि भएको संघर्षका क्रममा क्याप्टेन मच्छर घाइते भएका थिए ।

कांग्रेस देउवा पक्षले थाल्यो वडा अधिवेशन

दमक/ नेपाली कांग्रेस संस्थापन इतर समूहले पनि १५औं महाधिवेशनको प्रक्रिया सुरु गरेको छ । समानान्तर महाधिवेशन गर्ने तयारीमा रहेको संस्थापन इतर समूहले बिहीबार वडा अधिवेशन आयोजना गरेको हो । यसैक्रममा काठमाडौं क्षेत्र नम्बर १ को संयुक्त वडा अधिवेशन उद्घाटन गर्दै कांग्रेस नेता प्रकाशमान सिंहले देशभर प्रारम्भ भइरहेको वडा अधिवेशन पार्टी फुटाउन नभई सुदृढीकरणका लागि भएको बताए ।

उनले विशेष अधिवेशनको नाममा १४ औं महाधिवेशनले दिएको म्यान्डेट बमोजिमको केन्द्रीय कार्यसमितिलाई भंग गर्ने प्रयास र जालझेल स्वीकार्य नहुने उल्लेख गरे ।

उनले गैर-वैधानिक कदमहरूले कांग्रेसलाई कमजोर बनाउने दुष्प्रयास मात्र गर्ने भएकाले सत्य र नीतिको बाटोमा हिँड्नुपर्ने धारणा राखे । आफूहरूले गर्ने महाधिवेशन नै आधिकारिक भएको उनको भनाइ छ । कांग्रेसको संस्थापन पक्षले यही असोज १८ गते महाधिवेशन सुरु गर्दैछ भने संस्थापन इतर समूहले पनि १५औं महाधिवेशन आगामी मङ्सिर २१ देखि २३ गतेका लागि तोकेको छ । संस्थापन इतर समूहले असोज २० गते पालिका, असोज २३ गते प्रदेशसभा निर्वाचन क्षेत्रीय र मङ्सिर ४ गते प्रदेश अधिवेशन सम्पन्न गर्ने कार्यतालिका तय गरी निर्वाचन आयोगलाई जानकारीसमेत गराइसकेको छ ।

ठूलो ट्याङ्कीमा कम्प्रेसर प्रविधियुक्त

झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

दमक : देवीप्रसाद सिटौला (९८४२७६०२६५/९८२४९७९१८५)

बिर्तामोड: राजकुमार श्रेष्ठ ९८०६०१०४१०

चाडपर्व मनाऔं: सामाजिक सद्भाव कायम राखौं

- आ–आफ्ना धर्म, संस्कृति, परम्परा र मौलिकताको सम्मान गर्दै चाडपर्व मनाऔं,
- चाडपर्वका अवसरमा परिवार, आफन्त र समुदायबीच प्रेम, सद्भाव र भाइचारा बढाऔं,
- धार्मिक तथा सांस्कृतिक विविधतालाई साझा सम्पत्तिका रूपमा सम्मान गरौं,
- चाडपर्वका नाममा हुने भेदभाव, वैमनस्यता, भैं–भगडा र हिंसाबाट टाढा रहौं,
- सामाजिक सञ्जालमा घृणा, अफवाह तथा विभाजनकारी सामग्री फैलाउने कार्य नगरौं,
- मितव्ययी, सुरक्षित र सभ्य ढंगले आपसी सम्मान र सद्भावकासाथ चाडपर्व मनाऔं ।

चाडपर्वको खुसी बाँडौं, सामाजिक सद्भाव र राष्ट्रिय एकता बलियो बनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

खेलकुद

दमक भेट्रान कप उद्घाटन

दमक भेट्रान निलोको विजयी सुरुवात

दमक / दमकमा बिहीबारदेखि कोशी प्रदेश जिल्लास्तरीय प्रथम भेट्रान च्यालेन्ज कप–२०८३ सुरु भएको छ । प्रतियोगिताको पहिलो खेलमा आयोजक दमक भेट्रान निलोले दमक भेट्रान जदालाई ३–१ गोल अन्तरले पराजित गर्दै विजयी सुरुवात गरेको छ ।

दमक भेट्रान निलोका तर्फबाट खेलको १०औं मिनेटमा जर्सी नम्बर ११ का गंगा लिम्बूले पहिलो गोल गरेका थिए । लगत्तै ११ मिनेटमा जर्सी नम्बर १० का जगेस चौधरीले गोल गर्दै दमक भेट्रान जदालाई खेलमा फर्काएका थिए ।

त्यसपछि दमक भेट्रान निलोका जर्सी नम्बर १० का हरि शर्माले खेलको १९औं मिनेटमा गोल गर्दै टोलीलाई पुनः अग्रता दिलाए । हाफ टाइमपछि थपिएको समयको अन्तिम मिनेटमा शर्माले व्यक्तिगत दोस्रो गोल गरेपछि दमक भेट्रान निलो ३–१ ले विजयी भएको हो ।

यो जितसँगै दमक भेट्रान निलो प्रतियोगिताको क्वार्टरफाइनलमा प्रवेश गरेको छ । बिर्तामोड भेट्रान सँग अब गत १७ गते भिड्ने छ ।

प्रतियोगिताको विजेताले नगद १ लाख १ हजार रुपैयाँ तथा उपविजेताले ५१ हजार रुपैयाँ पुरस्कार प्राप्त गर्नेछन् । विजेताले प्राप्त गर्ने १ लाख रुपैयाँ पुरस्कार दमकस्थित माया क्याफेले सौजन्यस्वरूप सहयोग गरेको आयोजकले जनाएको छ ।

दमक भेट्रान फुटबल क्लबका अध्यक्ष गजेन्द्र देवानको अध्यक्षतामा प्रतियोगिता सञ्चालन भइरहेको छ । उद्घाटन समारोहमा दमक नगरपालिकाकी उपप्रमुख रेगिना भट्टराई प्रसाईं प्रमुख अतिथिका रूपमा उपस्थित थिइन् भने कार्यक्रममा स्वागत मन्तव्य आयोजक संस्थाका सचिव ज्ञानेन्द्र राईले राखेका थिए ।

दमक–२ स्थित बेलडाँगी खेलमैदानमा भएको खेलका प्रतियोगितात्मक खेलहरू २५–२५ मिनेट गरी कुल ५० मिनेटको हुने रेफ्री इजु तामाङले जानकारी दिए । सो कार्यक्रममा उपस्थित भएका पुराना खेलाडीलाई सम्मान समेत गरिएको थियो । हरेक दिन हुने सो सम्मान कार्यक्रमका क्रममा बिहीबार ५ जना सम्मानित भएका छन् । सम्मानित हुनेहरूमा केश मगर, गजेन्द्र देवान, गणेश चाम्लिङ राई, लक्ष्मी रिजाल, हस्तबहादुर दर्लामी रहेका छन् । यसैगरी बिहीबारको दोस्रो खेल ढल्केजोवन भेट्रान र धरान बुढासुब्बा भेट्रानबीच भएको छ ।

ढल्केजोवन भेट्रान विजयी

दमक । झापाको दमकमा बिहीबारदेखि सुरु भएको कोशी प्रदेश जिल्लास्तरीय प्रथम भेट्रान च्यालेन्ज कप–२०८३ अन्तर्गत दोस्रो खेलमा ढल्केजोवन भेट्रान उर्लाबारीले धरान बुढासुब्बा भेट्रानलाई ३–० गोल अन्तरले पराजित गरेको छ ।

ढल्केजोवन भेट्रान उर्लाबारीले पहिलो हाफमै दुई गोलको अग्रता बनाएको थियो । उर्लाबारीका जर्सी नम्बर २० का रोजिन शिवाकोटीले खेलको १९ औं मिनेटमा गोल गर्दै टोलीलाई अग्रता दिलाए । त्यसको चार मिनेटपछि जर्सी नम्बर १० का विनोद लामाले गोल गर्दै अग्रता २–० मा पुऱ्याए ।

दोस्रो हाफमा पनि उर्लाबारीले आफ्नो दबदबा कायम राख्यो । रोजिन शिवाकोटीले खेलको ४८औं मिनेटमा व्यक्तिगत दोस्रो तथा टोलीका लागि तेस्रो गोल गर्दै उर्लाबारीलाई ३–० को जित दिलाए ।

खेलका क्रममा दुवै टोलीका जर्सी नम्बर ६ का कमल खवास र जर्सी नम्बर ७ का सूर्यबहादुर राईले पहेँलो कार्ड पाए ।

जितसँगै ढल्केजोवन भेट्रान उर्लाबारी प्रतियोगिताको क्वार्टरफाइनलमा प्रवेश गरेको छ । अब उर्लाबारीले आगामी १७ गते दमक रातो भेट्रानसँग प्रतिस्पर्धा गर्नेछ ।

प्रतियोगिता अन्तर्गत शुक्रबार दुई खेल हुनेछन् । पहिलो खेलमा मिक्लाजुङ भेट्रान र चन्द्रगढी भेट्रानबीच प्रतिस्पर्धा हुनेछ भने दोस्रो खेलमा मिल्स भेट्रान र काकरभिट्टा भेट्रान आमनेसामने हुनेछन् ।

सार्वजनिक सवारीमा अग्नी नियन्त्रक यन्त्र अनिवार्य

दमक/ ट्राफिक प्रहरीले यात्रा सुरक्षाका लागि सार्वजनिक सवारीसाधनमा अग्नि नियन्त्रक यन्त्र जडान भए नभएको सम्बन्धमा अनुगमन सुरु गरेको छ । यात्रुको सुरक्षालाई मध्येनजर गरेर आगलागीजन्य घटना भएमा तत्काल नियन्त्रण गर्न सो व्यवस्था गरिएको काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रवक्ता प्रहरी उपरीक्षक नरेशराज सुवेदीले बताए ।

उक्त व्यवस्था पहिलेदेखि नै लागू भए पनि पूर्णरूपमा कार्यान्वयन नभएकाले कडाइ गरिएको प्रवक्ता सुवेदीको भनाइ छ । लामो तथा छोटो दूरीका बस, मिनीबस, माइक्रोबस, ट्याक्सी लगायतका सार्वजनिक यातायातमा सवारी साधनको आकारअनुसार निर्धारित क्षमताको अग्नि नियन्त्रक यन्त्र राख्नु अनिवार्य गरिएको छ ।

उर्लाबारी नगरपालिकाको साधियाँरको नाममा ७ दिने सूचना

उर्लाबारी नगरपालिका वडा नं. ०७बस्ने प्रतिमा सापकोटाको नाममा दर्ता कायम रहेको मधुमल्ला–५/छ को कि.नं. ४६७८ ज.वि. ०-०-१३-२ मा नयाँ घर निर्माणका लागि यस नगरपालिकामा निवेदन दर्ता भएको र सो निवेदन अनुसार सँधियारको नाममा १५ दिने सुचना जारी गरी १६ दिनपछि यस कार्यालयबाट सर्जमिन मुचुल्का तयार पार्दा पूर्वतर्फ सँधियार सुनिता काफ्ले उत्तर तर्फ सँधियार सुरज काफ्ले उपस्थित नहुनु भएको हुदा उहाँहरुलाई उक्त स्थानमा घर निर्माण गर्दा कुनै विरोध भएमा यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्रमा यस कार्यालयमा उपस्थित हुन यो सूचनामार्फत जानकारी गराइन्छ। अन्यथा निजको नाममा नियमअनुसार सिफारिस भइ जाने व्यहोरा जानकारी गराइन्छ।

श्री मुनाल बचत तथा ऋण सहकारी संस्था लि. दमक–६, झापाको

१७ औं साधारणसभा सम्बन्धी सूचना

दमक–६ स्थित मुनाल बचत तथा ऋण सहकारी संस्थाको **१७ औं वार्षिक साधारण सभा** निम्न मिति, समय र स्थानमा हुने भएकाले सम्पूर्ण सदस्यज्यूहरुलाई अनिवार्य उपस्थितका लागि अनुरोध छ ।

❒ मिति : २०८३ असोज २९ गते ❒ समय : बिहान १० बजेदेखि
❒ स्थान : संस्थाको कार्यालय प्राङ्गण ।

◆ प्रधान सम्पादक/प्रकाशक: गञ्जबहादुर दाहाल, ◆ कार्यकारी सम्पादक: खगेन्द्र कार्की ◆ सहसम्पादक: विमल लामिछाने ◆ बजार व्यवस्थापक: केशव खनाल ◆ लेआउट: सुरेन बस्नेत

कार्यालय: दमक–५, झापा, फोन: ०२३–५८०२७२. मुद्रण: ज्योति अफसेट प्रेस, E-mail:purbasandesh@yahoo.com